DAILY NEWSLETTER

As of FEB 4, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

नेप्से रातो क्यान्डलमा बन्द, २७०० अझै पनि कडा अवरोध

नेप्से परिसूचक आज १.६४ अंकले घट्दै रातो क्यान्डलमा बन्द भएको छ। कुल कारोबार रकम करिब ७ अर्ब रुपैयाँ रहेको छ, जसले बजारमा सहभागीता त देखिए पनि लगानीकर्तामा अझै पनि स्पष्ट आत्मविश्वास नआएको संकेत गर्छ।

कारोबारको क्रममा नेप्सेले २७०० अंकको मनोवैज्ञानिक तह पार गर्ने प्रयास गरे पनि सफल हुन सकेन। यस स्तर नजिक पुग्नेबित्तिकै बजारमा selling pressure तथा छोटो अवधिका लगानीकर्ताबाट profit booking बढेको देखियो, जसका कारण सूचक माथि टिक्न नसकी पुनः तल झरेर बन्द भयो।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Above छ ।
MACD	नेप्सेमा हाल MACD मा buying (Weak) देखिएको छ ।
RSI	RSI 51 पुगेको देखिन्छ ।

Support	2660-2530
Resistance	2690-2680

प्राविधिक रूपमा हेर्दा, २७०० क्षेत्र हाल पनि बलियो resistance को रूपमा कायम छ। सूचकले यस स्तर माथि स्थायी रूपमा बन्द हुन नसक्दासम्म बजारमा उतार–चढाव जारी रहने सम्भावना देखिन्छ। अर्कोतर्फ, तलतिर हेर्दा २६७०–२६८० क्षेत्र नजिकको समर्थन स्तरले अल्पकालीन रूपमा बजारलाई सम्हाल्ने प्रयास गरिरहेको देखिन्छ।

समग्रमा, बजार हाल consolidation चरणमा रहेको देखिन्छ जहाँ लगानीकर्ताहरू स्पष्ट दिशाको पर्खाइमा छन्। आगामी सत्रहरूमा यदि कारोबार रकम बढ्दै सूचक २७०० माथि मजबुत रूपमा टिक्न सकेमा बजारमा नयाँ momentum देखिन सक्छ; अन्यथा, profit booking हाबी रहँदा सीमित दायरा भित्र कारोबार हुने सम्भावना कायमै छ।